# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १, संख्याः २५, मितिः २०८१/०१/२४

## भाग - २

# कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

**प्रस्तावना:** नेपालको संविधानको धारा ३१ मा उल्लिखित शिक्षा सम्बन्धी हक: उपधारा (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ । उपधारा (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । उपधारा (३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । उपधारा (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ । उपधारा (५) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ । शिक्षाको गुणस्तर कायम गर्न विद्यार्थी मूल्याङ्कन महत्त्वपूर्ण पक्ष भएको, विद्यार्थी मूल्याङ्कनका विविध आधारमध्ये शिक्षा नियमावली २०५९ सातौं संशोधन, परिच्छेद ८ मा व्यवस्था भए अनुसार निम्नमाध्यमिक तह परीक्षा परिचालन र नियन्त्रण भन्ने व्यवस्था राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा व्यवस्था भए अनुसार आधारभूत तह कक्षा ८ को अन्तमा लिइने परीक्षा र शिक्षाको अवधारणा अनुसार कक्षा ८ आधारभूत तहको अन्तिम कक्षा भएकोले आधारभूत तहको अन्तिम परीक्षा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद १५ को दफा ११ को उपदफा २ (ज) मा भएको व्यवस्था अनुसार शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार साथै सोही उपदफा २ (ज) को १४ मा भएको व्यवस्था अनुसार आधारभूत तह कक्षा ८ को अन्तमा लिइने परीक्षासम्बन्धी अधिकारसमेत भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा २ बमोजिम कार्यबिधि बनाउन सक्ने प्रावधान बमोजिम लेकम गाउँपालिकाको कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि, २०८० तयार गरी परीक्षा व्यवस्थापन, सञ्चालन, परीक्षाफल प्रकाशन, प्रमाणपत्र वितरणसम्मका कामकाज गर्न यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ:** (क) यस कार्यविधिको नाम "लेकम गाउँपालिका कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि २०८०" रहेको छ ।

(ख)यो कार्यविधि लेकम गाउँपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) “विद्यालय” भन्नाले कक्षा १ देखि १२ सम्मको शैक्षिक संरचनालाई बुझ्नुपर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले लेकम गाउँपालिका बुझ्नुपर्दछ।

(ग) “परीक्षा” भन्नाले कक्षा ८ को आधारभूत तहको अन्तिममा लिइने परीक्षालाई बुझ्नुपर्दछ। “परीक्षा समिति” भन्नाले कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन गर्ने परीक्षा समितिलाई बुझ्नु पर्दछ।

(घ) “परीक्षा उपशाखा” भन्नाले आधारभूत तह तथा माध्यमिक शिक्षा एकाइ अन्तर्गत आधारभूत तहको कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनका लागि गठन गरिएको एक परीक्षा उपशाखालाई बुझ्नु पर्नेछ । उक्त शाखाले सफ्टवेयर सम्बन्धी कार्य, मार्कलेजर बाइन्डिङ, प्रमाणपत्र व्यवस्थापन, अभिलेखीकरण, लब्धाङ्कपत्र छपाइ, वितरण र व्यवस्थापन लगायतका काम सम्पादन गर्नेछ । उक्त कार्यका लागि आवश्यक भौतिक पूर्वाधार लेकम गाउँपालिकाले व्यवस्था गर्नेछ ।

(ङ) “शिक्षक” भन्नाले विद्यालयका शिक्षक र प्रधानाध्यापकलाई सम्झनु पर्नेछ ।

(च) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(छ) “शिक्षा ऐन” भन्नाले शिक्षा ऐन २०२८ (संसोधन समेत) सम्झनु पर्दछ।

(ज) “नियमावली” भन्नाले शिक्षा नियमावली, २०५९ (संसोधनसहित) सम्झनु पर्दछ।

(झ) “आधारभूत शिक्षा” भन्नाले ऐनमा उल्लेख भए बमोजिमको शिक्षा सम्झनु पर्दछ ।

## परिच्छेद - २

## पाठ्यक्रम तथा परीक्षा सञ्चालन र समन्वय

### ३. पाठ्यक्रम र पाठ्यसामग्रीः

(क) स्थानीय तहका विद्यालयहरूमा पठनपाठन हुने पाठ्यक्रम मौजुदा पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे वमोजिम हुनेछ।

### ४.परीक्षा सञ्चालन तथा समन्वय समितिः

क) गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको ५ सदस्यीय एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछः

अ) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

आ) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

लेकम गाउँपालिका

इ) सम्बन्धित स्थानीय तहमा रहेको आधारभूत र माध्यमिक तहको सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये कम्तीमा १ जना महिला सहित परीक्षा समितिले मनोनित गरेका दुई जना - सदस्य

ई) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(ख) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ । मनोनित सदस्यहरूको पदावधि तीन शैक्षिक सत्रको हुनेछ।

**(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकारः** आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नीति निर्धारण गर्ने ।

२) परीक्षा मिति, परीक्षा केन्द्र र केन्द्राध्यक्ष तोक्ने ।

३) संस्थागत विद्यालयका परीक्षार्थीका लागि परीक्षा शुल्क निर्धारण गर्ने ।

४) परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापनका लागि आवश्यक खर्चको व्यवस्थापन तथा निर्धारण गर्ने ।

५) परीक्षाको गोपनीयता कायम रहने गरी प्रश्नपत्र निर्माण छपाइ तथा वितरण गर्ने ।

६) विद्यालयहरूलाई आवश्यकता अनुसार परीक्षा केन्द्रमा राखी परीक्षा सञ्चालन गर्ने ।

७) परीक्षा अनुगमन एवं निरीक्षण गर्ने ।

८) परीक्षाफल प्रकाशित गर्ने तथा उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाण पत्र दिने ।

९) परीक्षा शुल्क तथा परीक्षासम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने।

१०) उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र पुनर्योग गर्ने, गराउने ।

११) कुनै परीक्षा केन्द्रमा अनियमितता भएको ठहर भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने र आवश्यक देखिए त्यस्तो परीक्षाकेन्द्र बन्द गर्ने ।

१२) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न नसकिएमा वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने ।

१३) आवश्यकताअनुसार परीक्षा उपसमिति गठन गर्ने ।

१४) परीक्षामा गाउँपलिकाभित्रको उत्कृष्ट स्थान प्राप्त गर्ने छात्रछात्राहरूलाई पुरस्कृत गर्ने ।

१५) परीक्षासम्बन्धी बाधा अडकाउ फुकाउने टुङ्गो लगाउने निर्णय गर्ने ।

५. परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रित गर्न सक्नेछ ।

## परिच्छेद - ३
## परीक्षा सञ्चालन प्रक्रिया

**६. परीक्षा शुल्क-परीक्षा फाराम:** सामुदायिक विद्यालयको हकमा आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको लागि कुनै शुल्क लिइने छैन तर संस्थागत विद्यालयको हकमा भने परीक्षा समितिले तोके बमोजिमको हुनेछ । कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षाको परीक्षार्थीका लागि भरिने आवेदन फाराम लेकम गाउँपालिकाको आधारभूत तहको अन्तमा लिइने परीक्षा समितिले तोकेको ढाँचामा हुनेछ । यसरी तोकेको फाराम विद्यालयमार्फत परीक्षामा सम्मिलित सबै विद्यार्थीलाई भर्ने व्यवस्था मिलाइने छ । सो फाराममा नाम, ठेगाना, जन्ममिति, बाबुआमाको नाम, विद्यार्थीका प्रयोगात्मक प्राप्ताङ्क आदि विवरणहरू भर्ने व्यवस्था गरिने छ । यी विवरणहरूको शुद्धताको हकमा विद्यालयका प्र.अ.लाई जिम्मेवार बनाइनेछ। परीक्षार्थीको आवश्यक विवरण फरक परेमा यसका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक जिम्मेवार रहने छन्।

**७. खाता सञ्चालन सम्बन्धमा:** आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा खर्च-आम्दानीका लागि छुट्टै खाता सञ्चालन गरिने छ । सो खाता शिक्षा शाखाका प्रमुख र लेकम गाउँपालिकाका लेखा अधिकृतको हस्ताक्षरबाट खाता सञ्चालन हुने व्यवस्था मिलाइने छ । सो खाताको नाम "आधारभूत तह अन्तिम परीक्षा समिति, लेकम" रहनेछ।

**८. प्रश्नपत्र निर्माण:** यस लेकम गाउँपालिका अन्तर्गतका विद्यालयहरूको आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनार्थ प्रश्नपत्र निर्माणका लागि विषय शिक्षकहरूबाट सम्बन्धित विषयका प्रश्नपत्रहरू पाठ्यक्रम विकास केन्द्रबाट तोकिएको पाठ्यभार, अङ्कभार, विषयक्षेत्र, विशिष्टीकरण तालिका (ग्रीड), समय र पूर्णाङ्कलाई आधार मानी तोकिएको ढाँचामा प्रश्नपत्र निर्माण गर्न लगाई आधारभूत तथा माध्यमिक शिक्षा एकाइको परीक्षा शाखामा सङ्कलन गरी प्रश्नपत्र बैङ्क निर्माण गरी सङ्कलित प्रश्नपत्रबाट विषयविज्ञ-स्रोत व्यक्तिहरूबाट प्रश्नपत्र परिमार्जन, संशोधन तथा परिष्करण गरी सम्बन्धित विषयका अलग अलग २-२ वटा प्रश्नपत्र तयार गरिने छ । यसरी तयार गरिएका प्रश्नपत्रहरूमध्ये एक प्रति प्रश्नपत्र मुद्रणका लागि छनौट गरिनेछ ।साथै उत्तरकुञ्जिका सहितको प्रश्नपत्र निर्माण गरी मूल्यांकनमा समेत

एकरूपता ल्याइनेछ। यसरी प्रश्नपत्र परिष्करणका लागि गोपनीयतालाई विशेष ध्यान दिइने छ।

**९. प्रश्नपत्र छपाइ तथा वितरण:** प्रश्नपत्र छपाइका लागि गोप्य तथा विश्वासनीय ढंगबाट गाउँपालिकाले आफैं छपाइ गर्नेछ।

**१०. उत्तरपुस्तिका छपाइ, वितरण, परीक्षण एवम् सम्परीक्षण:**

**(क) उत्तर पुस्तिका छपाइ:** उत्तरपुस्तिका छपाइका लागि विद्यमान आर्थिक नियमावली अनुसार कम्तीमा पनि ३ ओटा छापाखाना-फर्मबाट दरभाउ माग गरी घटाघटको आधारमा प्रतिस्पर्धा गराई योग्यतम् छापाखाना वा फर्म छनोट गरिने छ।

**(ख) उत्तरपुस्तिका वितरण:** विद्यालयहरूमा उत्तरपुस्तिका वितरणका लागि विद्यालयको विद्यार्थी संख्यालाई आधार मानी स्थानीय तहमार्फत वितरण गर्ने व्यवस्था मिलाइने छ ।

**(ग) उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण:** उत्तरपुस्तिका परीक्षणका लागि सम्बन्धित विषयको विषयशिक्षकलाई नै जिम्मा दिइने छ । उत्तरपुस्तिका परीक्षण गराउने जिम्मा सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ । परीक्षण गरिएका उत्तरपुस्तिका र मार्कस्लिप सम्बन्धित विद्यालयका प्रधानाध्यापकद्वारा स्थानीय तह परीक्षा उप- शाखामार्फत संकलन गर्ने व्यवस्था मिलाइने छ । उत्तर पुस्तिका र मार्कस्लिप संकलन गर्दा दुई चरणमा गरिने छ । पहिलो चरणमा परीक्षा संचालन भएको पाँचौं दिन अघिल्ला ३ विषयका उत्तरपुस्तिका र मार्कस्लिप संकलन गर्ने व्यवस्था मिलाइने छ । दोस्रो चरणमा परीक्षा समाप्त भएको चौथो दिन अनिवार्य रूपमा बाँकी विषयका उत्तरपुस्तिका र मार्कस्लिप स्रोतकेन्द्रमा संकलन गर्ने व्यवस्था मिलाइने छ । स्थानीय तह परीक्षा शाखामा संकलित परीक्षण गरिएका उत्तरपुस्तिकाको सम्परीक्षणको व्यवस्था स्थानीय तह परीक्षा शाखामार्फत गरिने छ ।

## परिच्छेद - ४

## टेबुलेसन (प्रविष्टि)

परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कको विवरण टेबुलेसनका लागि उत्तरपुस्तिकाको परीक्षणपश्चात् प्राप्त मार्कस्लिपबाट प्राप्ताङ्कलाई आवश्यक जनशक्तिको व्यवस्थापन गरी परीक्षा समितिले टेबुलेसन गर्ने, गराउने व्यवस्था मिलाउनेछ ।

## परिच्छेद - ५

## सफ्टवेयर सम्बन्धी व्यवस्था

परीक्षाको सम्पूर्ण उत्तरपुस्तिका जाँच सहित प्राप्ताङ्क टेबुलेशन गरिसकेपछि शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा सञ्चालित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली/ IEMIS मा परीक्षा सित सम्बन्धित सम्पूर्ण तथ्याङ्क प्रविष्ट गरिनेछ ।

## परिच्छेद - ६

## परीक्षाफल प्रकाशन

एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली/ IEMIS मा परीक्षा सित सम्बन्धित सम्पूर्ण तथ्याङ्क प्रविष्ट पश्चात शैक्षिक सत्रको अन्तसम्ममा परीक्षाफल प्रकाशन गरिनेछ ।

## परिच्छेद - ७

## पुनर्योग

आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको नतिजामा चित्त नबुझी पुनर्योगका लागि नतिजा प्रकाशन भएको ७ दिनभित्र तोकिएको शुल्कसहित विद्यालयमार्फत पुनर्योगका लागि आवेदन सङ्कलन गरी परीक्षा समितिले पुनर्योगको व्यवस्था मिलाउन सक्नेछ । निवेदन पेस गर्न तोकिएको अन्तिम मिति पछिको सातौं दिनभित्र पुनर्योगको नतिजा प्रकाशनको व्यवस्था मिलाइने छ ।

## परिच्छेद - ८

## परीक्षा अनुगमन

आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा व्यवस्थित, मर्यादित र स्तरीय बनाउन परीक्षा सञ्चालनको अवधिमा परीक्षा सम्बद्ध सम्पूर्ण पक्षको अनुगमन तथा निरीक्षणका लागि एउटा अनुगमन समिति रहने छ । उक्त अनुगमन समिति देहाय बमोजिमको रहने छ –

गाउँपालिका अध्यक्ष - संयोजक

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सामाजिक विकास समिति संयोजक - सदस्य

शिक्षा अधिकृत, – सदस्य

## परिच्छेद - ९

## आर्थिक सम्वन्धमा

कक्षा ८ को परीक्षा सञ्चालन गर्नका लागि बैठकभत्ता, अनुगमन, यातायात तथा अन्य जनशक्तिको व्यवस्थापन खर्च प्राप्त रकमबाट परीक्षा समितिको निर्णय अनुसार गर्ने छ ।

## परिच्छेद - १०

## विविध

आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन सम्बन्धी माथि लेखिएका बाहेकका अन्य अत्यावश्यक कामकाजका लागि सम्पूर्ण अधिकार आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा समितिको रहने छ ।

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका